# बिन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

बानेश्वर, काठमाडौं ।

## सञ्चालक निर्वाचन कार्यक्रमको सूचना

बिन्ध्यावासिनी हाइड्रोपावर डेभलप्मेन्ट कम्पनी लिमिटेडको मिति २०८२।०९।३० गते तोकिएको बार्षिक साधारण सभामा शेयरधनीहरुको तर्फबाट ७ (सात) जना सञ्चालक पदको लागि हुने निर्वाचन प्रयोजनको लागि निम्न लेखिए बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरिएको हुँदा सम्वन्धित सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | देखि | | |
| १ | मतदाता नामावली प्रकाशन | २०८२।०९।२४ | विहान १०:०० वजे | कम्पनीको रजिष्टर्ड कार्यालय स्थित निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मतदाता नामावली उपर दावि विरोध | २०८२।०९।२४ | विहान ११:०० बजे देखि दिउसो ०२:०० बजे सम्म | ऐ.ऐ. | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८२।०९।२४ | दिउसो ०४:३० बजे | ऐ.ऐ. | |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता | २०८२।०९।२७ | विहान १०:०० बजे दिउसो ०१:०० सम्म | ऐ.ऐ. | |
| ५ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८२।०९।२७ | दिउसो ०२:०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम उपर दावि विरोधमा उजूरी | २०८२।०९।२७ | दिउसो ०२:०० बजे देखि ०४:०० बजे सम्म | ऐ.ऐ. | |
| ७ | दावि विरोध पछि उम्मेदवारको नामावली प्रकाशन | २०८२।०९।२७ | साँझ ०५:०० बजे | ऐ.ऐ. | |
| ८ | उम्मेदवारको नाम फिर्ता | २०८२।०९।२८ | विहान १०:०० बजे देखि १२:०० बजे सम्म | ऐ.ऐ. | |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८२।०९।२८ | दिउँसो ०२:०० बजे | ऐ.ऐ. | |
| १० | मतदान गर्ने, | २०८२।०९।३० | दिउसो १२:०० बजे ०३:०० बजे सम्म | साधारण सभा स्थल | |
| ११ | मतगणना र परिणाम घोषणा | २०८२।०९।३० | मतदान पश्चात | ऐ.ऐ. | |

दस्तखतः

निर्वाचन अधिकृत : यादव प्रसाद ढुंगाना

मितिः २०८२।०९।२३ गते

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. KATHMANDU, NEPAL

(नोटः निर्वाचन सम्वन्धी विवरण कम्पनीको सूचना पाटी र वेवसाइटमा समेत प्रकाशित गरिएको छ)

## निर्वाचन सम्वन्धि थप जानकारी

(१) निर्वाचन सम्वन्धि सम्पूर्ण कार्यहरु कम्पनी ऐन २०६३, कम्पनीको प्रवन्धपत्र र नियमावली, कम्पनीको साधारणसभा बारेमा प्रकाशित सूचनामा उल्लेख भए अनुसार हुनेछ ।

(२) उम्मेदवारको मनोनयनपत्रको नमूना कम्पनीको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । उक्त नमूना कम्पनीको वेवसाइट www.bindhyabasinihydro.com.np मा समेत उपलव्ध छ ।

(३) मनोनयन पत्र दर्ता गर्ने उम्मेदवार कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्धपत्र र नियमावलीली र तोकिए बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(४) मनोनयन पत्र साथ निम्न कागजात पेश गर्नुपर्नेछ :

(क) नागरिकता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी,

(ख) कालोसूचीमा नरहेको व्यहोराको कम्तीमा एक हप्ता भित्रको कर्जा सूचना केन्द्रको पत्र,

(ग) व्यक्तिगत विवरण (Biodata),

(घ) एक प्रति Passport Size को फोटो,

(ङ) स्थायी लेखा नं. (PAN) को प्रतिलिपी,

(च) कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्ने,

(छ) मनोनयन पत्र दस्तुर रु. १००००।- (दश हजार रुपैया) निर्धारण गरिएको छ ।

(ज) कम्पनी ऐन, २०६३ को दफा ८९ बमोजिम देहायको अवस्थामा सञ्चालक पदको मनोनयन पत्र दर्ता गर्न सकिनेछैन । सो सम्वन्धमा स्वयं घोषणा गरी निवेदन पत्र पेश गर्नुपर्नेछ ।

(१) एक्काइस वर्ष उमेर नपुगेको,
(२) मगज बिग्रेको वा बहुलाएको,
(३) दामासाहीमा परी पाचं वर्षको अवधि पूरा नभएको,
(४) भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य कसूरमा सजाय पाएको,
(५) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसुरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,
(६) कम्पनीको व्यवसाय वा कुनै ठेक्कापट्टा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको,
(७) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको ।
(८) कम्पनीलाई रकम बुझाउन बाँकी रहेको ठहर भएको अवस्थामा त्यस्तो शेयरधनी,

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. ✶ KATHMANDU NEPAL ✶

(९) लगातार तीन आर्थिक वर्षसम्म कम्पनी ऐन अनुसार कार्यालयमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको सञ्चालक रहेको,

(१०) अर्को कुनै सुचीकृत कम्पनीबाट बैठक भत्ता र बैठक स्थलमा आउन जान बस्नका लागी लाग्ने वास्तविक खर्चबाहेक अन्य पारिश्रमिक वा कुनै सुविधा प्राप्त गर्ने सञ्चालकको पदमा बहाल रहेको,

(११) बैंकिङ वा वित्तीय संस्थाको कारोवारमा प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा राखी कालो सूचीको अवधि कायम रहेको भएमा ।

(५) प्रतिनिधि मुकरर र दर्ता सम्वन्धमा,

(क) कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रतिनिधि मुकरर गर्न सकिनेछैन ।

(ख) प्रतिनिधि नियुक्त गर्ने ढाँचा कम्पनीको वेभसाईट www.bindhyabasinihydro.com.np मा मा उपलब्ध छ ।

(ग) मिति २०८२।०९।२६ गते अपरान्ह ०५:०० बजे भित्र कम्पनीको कार्यालय / निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको ढाँचामा प्रतिनिधि नियुक्त गरिएको पत्र बुझि लिने व्यवस्था गरिएको छ ।

(६) मतदानमा सहभागी हुन आउँदा आफ्नो नाम, थर र ठेगाना खुल्ने परिचयपत्र र हितग्राही खाताको विवरण प्रस्तुत गर्नुपर्नेछ ।

(७) निर्वाचन सम्वन्धि थप जानकारीको लागि निर्वाचन अधिकृतको कार्यालयबाट बुझ्न सकिनेछ ।

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. KATHMANDU, NEPAL

यादव प्रसाद ढुंगाना
निर्वाचन अधिकृत
मिति : २०८२।०९।२३ गते ।